# डुङ्गेश्वर गाउँपालिका दैलेख

## गाउँ साझेदारी विकास कोष

# टोल विकास संस्था सञ्चालन सम्बन्धी निर्देशिका-२०७५

प्रमाणिकरण मिति : २०७५।३।१७ प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।३।१५

8'Ë]Zj/ ufpFkflnsf

b}n]v

**<u>टोल विकास संस्था सञ्चालन सम्बन्धी निर्देशिका-२०७५</u>**

## परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो निदेशिकाको नाम : **"डुङ्गेश्वर गाउँपालिका कार्यालय दैलेखको टोल विकास सम्वन्धी निर्देशिका २०७५"** रहेको छ ।

(ख) यो निर्देशिका डुङ्गेश्वर गाउँपालिका कार्यालयदैलेखको तेस्रो गाउँ सभाको निर्णय भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ ।

(ग) **"सभा"** भन्नाले स्थानीय सरकार संचालन ऐन वमोजिम गठन भएको सभाालाई सम्झनु पर्छ ।

(घ) **"गाउपालिका"**भन्नाले डुङ्गेश्वरगाउपालिका कार्यालयलाई सम्झनु पदर्छ ।

(ङ) **"अध्यक्ष"** भन्नाले स्थानीय सरकार संचालन ऐन बमोजिमको गाउपालिकाको प्रमुख पदमा निर्वाचित बहालवाला गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले स्थानीय स्थानीय सरकार संचालन ऐनवमोजिमको सचिव भइ काम गर्न नियुक्त कर्मचारी सम्झनु पर्दछ ।

(छ) **"कोष"** भन्नाले टोल विकास संस्थाका सदस्यहरूले पछि फिर्ता हुने गरी जम्मा गरेको रकम सम्झनु पदर्छ ।

(ज) **"सञ्चालक समिति"** भन्नाले डुङ्गेश्वर गाउँपालिकाको साझेदारी विकास कोषको व्यवस्था तथा सञ्चालन गर्नको लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(झ) **"अध्यक्ष"** भन्नाले टोल विकास संस्थाको अध्यक्ष सम्झनु पर्दछ ।

(ञ) **"उपाध्यक्ष"** भन्नाले टोल विकास सस्थाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ट) **"सचिव"** भन्नाले टोल विकास सस्थाको सचिव सम्झनु पर्दछ ।

(ठ) **"कोषाध्यक्ष"** भन्नाले टोल विकास संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ड) **"सदस्य"** भन्नाले टोल विकास संस्थाको सदस्यलाइ सम्झनु पर्दछ ।

(ढ) **"वचत"** भन्नाले टोल विकास संस्थका सदस्यहरूले पछि फिर्ता हुने गरी जम्मा गरेको रकम सम्झनु पर्दछ ।

(ण) **"बैठक"** भन्नाले संस्थाको संयुक्त वा छुट्टा-छुट्टै बैठक सम्झनु पर्दछ ।

(त) **"विधान"** भन्नाले टोल विकास संस्थको विधान सम्झनु पर्दछ ।

(थ) **"विषयगत समूह"** भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिइ गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका लागि गठित समूह सम्झनु पर्दछ ।

(द) **"पदाधिकारी"** भन्नाले संस्था अध्यक्ष उपाध्यक्ष सचिव कोषाध्यक्ष सहसचिव विषयगत समितिका संयोजक र सदस्यहरूलाई सम्झनु पर्दछ ।

(ध) **"गाउपालिकासाझेदारी कोष"** भन्नाले डुङ्गेश्वर गाउपालिकासाझेदारी विकास कोष विनियमावली २०७५ को दफा ४ मा उल्लेख भए बमोजिम गाउँपालिकामा स्थापना भएको कोषलाई सम्झनु पर्दछ ।

(न) **"कार्यकारी सचिव"** भन्नाले यो गाउँपालिकाको साझेदारी विकास कोष विनियमावलीको २०७५ को विनियम बमोजिम नियुक्त कोषको कार्यकारी सचिवलाई सम्झनु पर्दछ ।

# परिच्छेद-२

## टोल विकास संस्था गठन सम्बन्धी व्यवस्था

३.डुङ्गेश्वर गाउपालिका क्षेत्र भित्रका देहायका प्रक्रियाभित्र रही टोल विकास संस्थाहरूको गठन गर्नु पर्नेछ ।

(क) निश्चित भौगोलिक क्षेत्र भित्रका कम्तीमा ४० घरधुरी भएको टोल वा क्षेत्रमा टोल विकास संस्था गठन गरिनेछ । भौगोलिक विकटता एवम् टोलको सीमाङ्कन गर्दा कुनै निश्चित टोललाई मात्र टोल गठन गर्नुपर्ने अवस्था आएमा कम्तीमा २५ पच्चीस घरधुरीसम्मको पनि टोल विकास संस्था गठन गर्न गा.पाले आदेश दिन सक्नेछ ।

(ख) टोल विकास संस्था गठन गर्न इच्छुक कम्तीमा १० जना स्थानीय टोलवासीले सही छाप गरी गापा टोल गठन हुने सीमा क्षेत्र खोली निवेदन दिनु पर्नेछ ।

(ग) नयाँ टोल संस्था खोल्न नपर्ने र प्रस्तावित टोलको नक्साङ्कनका सम्बन्धमा गा.पो बुझी टोल संस्था आवश्यक देखेमा टोल विकास संस्था गठन गर्नका लागि उक्त क्षेत्रमा गा.पो सामाजिक परिचालक खटाउनेछ ।

(घ) गाउपालिकाको सामाजिक परिचालकको रोहवरमा तोकिएको क्षेत्रभित्रका कम्तीमा ४० घरधुरीमा जम्मा गरी टोल विकास संस्थको गठन गरिनेछ । टोल विकास संस्था गठन गर्दा निम्न कुरालाई आधार मान्नु पर्नेछ ।

(१) टोल संस्थाको नाम कुनै जाति धर्म वा स्थानीय व्यक्तिको मात्र पहिचान हुने गरी नराखी सर्वसम्मत् नामाङ्कन गरी स्वीकृतिका लागि गा.पा.मा पठाउनु पर्नेछ ।

(२) संस्थाको निश्चित भौगोलिक सीमाना निर्धारण गर्नुपर्नेछ यसरी संस्थाको भौगोलिक सीमाना निर्धारण गर्दा सकेसम्म खोलो, कुलो, बाटो वा कुनै स्पष्ट छुटिन सक्ने गरी आधार लिनु पर्नेछ ।

४. टोल विकास संस्थाहरू अनिवार्य रूपमा गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ । यसरी सूचीकृत हुँदा निम्नलिखित कागजहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(क) माथि बुँदा १ र २ बमोजिमको बैठकको निर्णयको प्रतिलिपि ।

(ख) समुदाय परिचालकको राय ।

(ग) वडा कार्यालयको सिफारिस ।

(घ) संस्थाका सबै घरधुरी देखिने गरी बनाइएको साधारण नक्सा ।

(ङ) सबै घरमूलीको नामावलीसहितको घरधुरीको सूचना फाराम ।

## ५. सदस्यता

(क) यस निर्देशिकाको प्रतिकूल नहुने गरी संस्थाको विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी स्वीकार गर्ने संस्थाको तोकिएको भौगोलिक सीमानभित्रको एक घर एक सदस्यको आधारमा सदस्य हुने घरधुरीको सदस्य यस संस्थको सदस्य हुनुपर्नेछ ।

(ख) बुँदा 'क' अनुसार सदस्य बन्न इच्छुक नयाँ टोलवासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा संस्थाको बैठकको निर्णयबाट सदस्यता प्रदान गर्नुपर्नेछ ।

(ग) एक घरबाट एक जना भन्दा बढी सदस्य हुन पाइने छैन र एउटा संस्थामा सदस्य भएको व्यक्ति अर्को संस्थाको सदस्य हुन पाइने छैन । तर एक बचत कार्यमा एकै घरधुरीबाट एक घर धुरीबाट एक भन्दा वढी घरधुरी सदस्यले बचत गरेमा यस निर्देशिकाले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) टोल क्षेत्रभित्र नयाँ बसोबास गर्न आएका व्यक्तिहरूलाई वार्षिक साधारण सभामा आमन्त्रण गरी संस्थाको जानकारी दिई सदस्यता लिन प्रेरित गर्नुपर्नेछ ।

## ६. सदस्यता नरहने अवस्था :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले संस्थाको सीमानाभित्रबाट स्थायी रूपमा बसाइँसराइ गरी अन्यत्र गएमा ।

(ग) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(घ) संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भइ सजाय पाएको कारण देखाइ संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा तर सम्बन्धित सदस्यहरूलाई सफाइ दिने अवसरबाट वञ्चित गर्न पाइने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

७. संस्था सञ्चालनको लागि देहाय बमोजिमका पदाधिकारहरू रहने गरी टोल विकास संस्थाको कार्य समितिको गठन गरिनेछ ।

(क) अध्यक्ष

(ख) उपाध्यक्ष
(ग) सचिव
(घ) कोषाध्यक्ष
(ङ) सह-सचिव
(च) टोलभित्रको विपन्न वर्गको प्रतिनिधि १ जना सदस्य
(छ) विषयगत संयोजकहरू कम्तिमा ३ जना सदस्य

यसरी पदाधिकारीहरूको चयन गर्दा अध्यक्ष उपाध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ । भने समग्र कार्य समिति संख्या ९ जनामा कम्तीमा ४ जना महिला हुनु पर्नेछ ।

माथि उल्लेखित कार्यसमितिको गठन साधारणसभाले गर्नेछ । टोल विकास संस्थाको कार्य समितिको काम कर्तव्य र अधिकार यस निर्देशिकामा उल्लेखित टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार परिधिभित्र रहनेछ ।

## ८. विषयगत समिति गठन

संस्थाद्वारा गरिने विभिन्न कार्यमा सामूहिक नेतृत्व विकास गर्न देहाय बमोजिम कम्तीमा ३ वटा विषयगत (जस्तै पूर्वाधार निर्माण, कोष परिचालन, महिला कार्यक्रम विशेष, बालवालिका विशेष, कृषि विशेष, स्वास्थ्य वातावरण तथा सरसफाइ आदि) उप-समितिहरूको गठन एवम् संयोजक चयन गर्नुपर्नेछ ।

## ९.विषयगत उपसमितिको गठन :

विषयगत उपसमिति गठन गर्दा १ जना संयोजक १ जना महिला सदस्य र १ जना अन्य सदस्य अनिवार्य रहने गरी आवश्यकताअनुसार सदस्यहरू राखी उपसमिति गठन गर्नुपर्नेछ । उपसमितिको संयोजक साधारणसभाबाट चयन हुनेछ भने अन्य पदाधिकारी भने कार्य समितिले तोके बमोजिम हुनेछ ।

## १०. संस्थाले तोकेको सबैको पायक पर्ने ठाउँमा संस्थाको कार्यालय रहनेछ ।

= संस्थाका कार्यसमितिका पदाधिकारीहरूको पदावधि बढीमा २ वर्षसम्मको हुनेछ । एक व्यक्ति बढीका २ कार्यकाल वा ४ वर्षसम्म मात्र अध्यक्ष पदमा निरन्तर वहाल रहन पाउनेछ संस्थाका पूर्व अध्यक्षहरू स्वतः सल्लाहकारको रूपमा रहने छन् । सल्लाहकारलाई कार्यसमितिको मासिक बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

## ११. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(क) अध्यक्षको काम, कर्तव्य अधिकार :**

- अध्यक्ष संस्थाको प्रमुख रूपमा रहने
- टोल विकास संस्थालाई कसरी व्यवस्थित रूपले परिचालन गर्ने भन्ने सम्बन्धमा संस्थाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।
  १. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
  २. संस्थाको बैठक बोलाउने वा बोलाउन लगाउन लगाउने ।

३. बैठकमा अनुशासन पालना गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा लगाउने ।
४. छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत् निर्णय गर्न पहल गर्ने ।
५. बैठकमा आवश्यक प्रस्तावहरू पेश गर्न लगाउने ।
६. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार निर्देशन दिने ।
७. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
८. संस्थाले आर्जन प्राप्त गरेको नगद वा जिन्सि सामानको सुरक्षा प्रबन्ध मिलाउने ।
९. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने ।
१०. अन्य सहयोगी निकायसँग समन्वय गर्ने ।
११. विशेष बैठकको आवश्यकता परेमा सवै सदस्यहरूको सहमतिमा बैठक बोलाउने ।
१२. विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**(ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता ग्रहण गर्ने ।
२. अध्यक्षद्वारा तोकिएका विषयगत कार्यको नेतृत्व प्रदान गर्ने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।
२. एक तिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
३. बैठक पुस्तिकामा उपस्थिति गराउने ।
४. छलफलका विषयवस्तुहरू सङ्कलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी पढेर सुनाउने । पुनः प्रत्येक सदस्यहरूलाई हस्ताक्षर गर्न लगाउने ।
५. संस्थाको क्रियाकलापको बारेमा सदस्यहरूलाई जानकारी गराउने ।
६. संस्था सञ्चालनमा र अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने ।
७. निर्णय लागू भए/नभएको हेरी लागू गराउने ।
८. लगानी असुली गर्ने प्रत्येक बैठक पुस्तिकामा लेखी सबैको सहीछाप गराउने ।
९. अध्यक्षको निर्देशनमा आवश्यक पत्राचार गर्ने ।

**(घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य अधिकार :**

१. प्रत्येक बैठकमा सवै सदस्यहरूबाट बचत सङ्कलन गरी बचतको विवरण पेश गर्ने ।
२. प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।
३. व्यक्तिगत बचत खाता अनुसार प्रत्येक सदस्यको पासबुकमा चढाइ प्रमाणका लागि दस्तखत गर्ने ।
४. सङ्कलित बचत रकम संस्थाको निर्णयअनुसार नजिकको बैंकको खातामा जम्मा गरी बैंकको पासबुकमा उल्लेख गर्ने ।
५. बैठकको निर्णयअनुसार बचतको परिचालन गरी अभिलेख राख्ने ।
६. निर्णयअनुसार लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको अभिलेख राख्ने ।
७. सम्पूर्ण सदस्यहरूको गत बैठकसम्म बचत रकम बैंकमा रहेको रकमसँग भिडाउनुपर्ने ।

८. ऋण लगानी पश्चात प्राप्त ब्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको विवरण तयार गरी सबै सदस्यहरूको व्यक्तिगत खाता पासबुक एवम् बचत खातामा चढाउनुपर्ने ।
९. संस्थाले गरेको काम कारोबारको लेखापरीक्षण गराउनुपर्ने ।
१०. बैंक खाता सञ्चालन गर्दा संयुक्त खाता सञ्चालन गर्ने ।
११. अन्य सदस्यहरूसँग समन्वय राखी सहयोग लिने दिने ।
१२. संस्थाको नगद र जिन्सी सामानहरूको जिम्मा लिई प्रष्ट हिसाब किताब राख्ने ।
१३. संस्थाको समग्र आय-व्ययको श्रेस्ता जिम्मा लिइ प्रष्ट हिसाब किताब राख्ने ।

**(ङ) संस्थाको सहसचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवलाई तोकिएको कार्य गर्ने ।

**(च) संस्थाको सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

१. बैठकमा उपस्थित भइ प्रत्येक छलफलमा भाग लिने ।
२. संस्थाको निर्णयअनुसार मासिक बचत समयैम जम्मा गर्ने ।
३. संस्थाको हिसाव किताब बराबर चेक गर्ने ।
४. टोल विकास संस्था पदाधिकारीहरूले गलत काम गरेमा अरु सदस्यहरूको सहयोग लिइ तुरुन्तै कारबाहीका लागि खबरदारी गर्ने ।
५. आवश्यकताअनुसार संस्था सञ्चालनका लागि नीति नियम बनाउने सो नीति नियमहरूको पालना भए/नभएको हेर्ने ।
६. मागअनुसार संस्थाका पदाधिकारीहरूलाई सघाउने ।
७. अरु सदस्यहरूलाई पनि बचत गर्न प्रोत्साहन गर्ने ।
८. संस्थाभित्र भएका विकृतिहरू हटाउन सहयोग गर्ने ।
९. टोल क्षेत्रमा हुने विकासमूलक गतिविधिहरूमा विषयगत क्षेत्रको नेतृत्व गरी कार्यसमितिमा आवश्यक प्रतिवेदन पेश गरी निर्देशन अनुसार कार्य गर्ने ।

# परिच्छेद-३

## संस्थाको बैठक सम्बन्धी व्यवस्था

(क) संस्थाको बैठक सामान्यतया महिनाको एकपटक बस्नेछ । यसरी बैठक बस्दा एक बैठक र अर्को बैठकबीचको समयावधि २ महिनाभन्दा बढी हुने छैन ।

(ख) संस्थाको बैठक अध्यक्षले बोलाउने छ तर देहायको अवस्थामा सचिवले बैठक बोलाउन सक्नेछ ।

१. अध्यक्षले निजलाई बैठक वोलाउन निर्देशन दिएमा वा २ महिनाभन्दा बढी समयसम्म बैठक बस्न नसकेकमा ।
२. दुई महिना वा सो भन्दा बढी समयसम्म संस्थाको बैठक बस्न नसकी संस्थाका एक तिहाइ सदस्यले बैठक बोलाउनका लागि लिखित रूपमा अनुरोध गरेमा ।

(ग) संस्थाको अध्यक्षले बैठकको अध्यक्षता ग्रहण गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्षले बैठकको अध्यक्षता ग्रहण गर्नेछ । निजको पनि अनुपस्थितिमा संस्थाको सबैभन्दा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता ग्रहण गर्नेछ ।

१. टोल विकास संस्थाको मासिक बैठकमा कार्यसमिति सदस्य संख्याको ७५ प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

**(घ) साधारण सभा**

संस्थाका सम्पूर्ण सदस्यहरूको उपस्थितिमा कम्तीमा वर्षको एकपटक साधारणसभा बस्नुपर्नेछ । साधारणसभा संस्थाको सर्वोच्च निकाय हुनुपर्नेछ । साधारणसभाका काम, कर्तव्य निम्न बमोजिम हुनेछन् ।

(क) कार्य समितिबाट निर्णय भइ आएका कार्यहरूको अनुमोदन गर्ने र कार्य समितिबाट साधारणसभामा पेश भएका विषयहरूमा यथोचित सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ती गर्ने तथा पारिश्रमिक तोक्ने ।

(ग) संस्थाको गत सालको हिसाब विवरण पेश गर्ने र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) विभिन्न विषयगत उप-समितिहरूको आवश्यकताअनुसारको गठन एवम् संयोजक चयन गर्ने ।

(ङ) उजुरी पुनरावलोकन सुन्ने र निर्णय दिने ।

(च) गाउँपालिकाको सहमतिमा विधान संशोधन गर्ने ।

(छ) आवश्यक परे सल्लाहकारको मनोनयन गर्ने ।

(ज) आवश्यकताअनुसार टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने ।

(झ) वार्षिक साधारणसभामा टोलका सदस्यहरूमध्ये ८० प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ । उपस्थिति पर्याप्त नभएमा पुनः साधारणसभाको आमन्त्रण गर्नुपर्नेछ तर दोस्रो पटकलाई ६० प्रतिशतलाई पनि गणपूरक संख्या मानिनेछ ।

(ञ) प्रत्येक टोल विकास संस्थाले वार्षिक रूपमा मंसिर मसान्तभित्र साधारणसभा सम्पन्न गरी सक्नु पर्नेछ ।

(ट) वार्षिक साधारणसभाको अवसरमा आगामी आवका लागि टोलस्तरको योजना तर्जुमा समेत गरी पुसको पहिलो हप्ताभित्र निर्धारित ढाँचाको योजना फारम भरी वडा अध्यक्ष वा वडा सचिवलाई बुझाउनुपर्नेछ ।

**१०.विशेष साधारण सभा**

संस्थाको हितलाई ध्यानमा राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरूको लिखित रूपमा अनुरोध गरेमा बढीमा १५ दिनभित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

# परिच्छेद-४

११. टोल विकास संस्थको काम, कर्तव्य निम्न बमोजिम हुनेछ ।

(क) टोल विकास संस्थाहरू पूर्ण रूपमा गाउपालिकाप्रति उत्तरदायी हुनुपनेछ ।

(ख) टोल विकास संस्थाहरूले गाउँपालिकाको सूचीकृत भइ सूचीकृत प्रमाण पत्र लिनुपर्नेछ । प्रत्येक तीन-तीन वर्षमा गाउपालिकामा नवीकरण समेत गराउनु पर्नेछ ।

(ग) टोल विकास संस्थाको बैठक नियमित रूपमा बस्नु पर्नेछ ।

(घ) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएको सबै विषयहरूमा छलफल गरी सर्वसम्मत् निर्णय गर्ने प्रयास गर्नुपर्नेछ ।

(ङ) टोल विकास संस्थाले टोल क्षेत्रको सामाजिक आर्थिक पूर्वाधार र वातावरण संरक्षण एवं सरसफाइ जस्ता कार्यको नेतृत्व गर्नुका साथै गापा र वडा समितिबाट तोकिएको वा सहयोग माग गरिएका विषयमा समेत सहयोग गर्नुपर्नेछ ।

(च) गाउपालिकाविकास साझेदारी विकास कोषद्वारा टोलवासीको सामाजिक तथा उद्यम विकासका लागि परिचालित ऋण तथा बीऊ पूँजी अनुदानको सही सदुपयोग गराउनु पर्नेछ ।

(छ) आफ्ना टोलमा बसोबास गर्ने सदस्यहरूको उद्यम विकास योजनाको स्वीकृत गर्दै गाउपालिकासाझेदारी विकास कोषमा ऋण प्राप्त गर्नको लागि सिफारिस गर्नुका साथै उद्यममा उद्यमीहरूको स्वः लगानी कुल उद्यम लागतको २० प्रतिशत अनिवार्य गराउन प्रेरित गराउने टोलमा सञ्चालित उद्यमको बजार व्यवस्थापनका लागि आवश्यक सहयोग गर्ने ।

(ज) गाउपालिकाबाट भएको ऋण लगानी असुलीमा सहयोग गर्नुका साथै सम्झौताको वेवास्ता गरी मनासिव कारणविना नै समयमा गाउपालिकार टोल संस्थाको ऋण बुझाउन आलटाल गर्ने व्यक्तिलाई गाउपालिकावाट प्रदान हुने सेवा रोक्का गरीदिन गापा सिफारिस गर्ने ।

(झ) टोल विकास संस्थाका सदस्यहरूको हित हुने सामाजिक आर्थिक विकासका क्रियाकलापहरूमा सहभागितामूलक ढङ्गबाट गनुपर्नेछ ।

(ञ) टोल विकास संस्थाले योजना तर्जुमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्दा सहभागितात्मक ढङ्गबाट गर्नुपर्नेछ ।

(ट) टोल विकास संस्थाले आफ्ना सदस्यहरूको गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनको अभिलेख राख्नुपर्नेछ ।

(ठ) टोल विकास संस्थाले आफनो दीर्घकालीन विकासका लागि सामान्य अवधारणा तथा दृष्टिकोण निर्माण गर्नुपर्नेछ । उक्त अवधारणा गाउँपालिकाको अवधारणामा आधारित हुनेछ ।

(ड) टोल विकास संस्थाले आफ्ना सदस्यहरूलाई विषयगत उपसमितिहरूमा संगठित गरी समुदायमा आधारित सामाजिक आर्थिक पूर्वाधार र वातावरणीय सरसफाइ विकासमा क्रियाशील हुन अभिप्रेरित गर्नु पर्नेछ ।

(ढ) टोल विकास संस्थाले आफ्नो भौगोलिक सीमाना क्षेत्रभित्रका घरधुरी सदस्यहरूबाट गठित उद्यम व्यवसाय गर्न सहजीकरण तथा गाउँपालिकामादर्ता गर्न आवश्यक सिफारिस प्रदान गर्नुपर्नेछ ।

(ण) एक भन्दा बढी टोल विकास संस्थासँग सम्बन्धित विकास निर्माण कार्य तथा वडास्तरीय विकास निर्माण कार्यमा टोल विकास संस्था परिचालित हुन वा सक्रिय भूमिका निर्वाह गर्न

सम्बन्धित वडा क्षेत्रभित्र गठित टोल विकास संस्थाका अध्यक्ष सचिव कोषाध्यक्षहरू संयुक्त भेला बोलाइ वडा समितिको संयोजनमा टोल विकास संस्थाहरूको वडास्तरीय र गाउँपालिकाको संयोजनमा नगरस्तरीय सञ्जालमा टोल विकास संस्थाहरू सङ्गठित हुन सक्नेछन् ।

(त) टोल विकास संस्थाले गरेको साधारणसभाको निर्णयको प्रतिलिपि गाउँपालिकाको सामाजिक विकास शाखामा पठाउनु पर्नेछ ।

(थ) टोल विकास संस्था गाउँपालिकाको सबै भन्दा तल्लो निकायमा रहेको गैर राजनितिक समाजको संस्थाको रूपमा हुनेछ वडा समितिको सहयोगीको रूपमा कार्य गर्न टोल विकास संस्थाको कार्य हुनेछ ।

(द) टोल क्षेत्रभित्रका प्राकृतिक सम्पदा सार्वजनिक पूर्वाधारको संरक्षणमा गाउपालिकालाई आवश्यक सहयोग गर्नका साथै यी सम्पदाका साथै र पूर्वाधारमा कोही कसले हानी नोक्सानी हुने कार्य गर्न लागेमा तत्काल गापा सूचना टोल विकास संस्थाले दिइ सहयोग गर्नुपर्नेछ ।

(ध) गाउपालिकाले टोल विकास संस्थाले सिफारिस गर्नु भनी निर्णण्य गरेका विभिन्न विषयमा गाउपालिकावाट स्वीकृत दस्तुर लिई सिफारिस दिनु पर्नेछ ।

(न) कुनै पनि संघ-संस्था तथा निकायसँग विभिन्न कार्य गर्दा आवश्यक समन्वय सम्झौता र सम्बन्ध गर्नु पूर्व टोल विकास संस्थाहरूले अनिवार्य रूपले गाउँपालिकाको अनुमति तथा स्वीकृती लिनु पर्नेछ ।

(प) कुनै पनि टोल विकास संस्थाले संस्थाको बैठकमा राजनैतिक विषयमा छलफल गर्न पाइने छैन ।

(फ) गाउँपालिकाको वडा समितिको अधिकार क्षेत्रभित्र रहेका कानुन बमोजिम अधिकार प्रत्यायोजन गर्न मिल्ने प्रकृतिका अधिकारहरू टोल विकास संस्थालाई वडा समिति तथा गाउँपालिकाकोले प्रत्यायोजन गर्न सक्नेछ ।

(ब) टोल विकास संस्थालाई गापा वा वडा समितिबाट प्रदान भएका अधिकार बमोजिम टोल संस्थाबाट हुने सिफारिस कार्य गर्दा गाउपालिकाबाट स्वीकृत तोकिए बमोजिमको सेवा शुल्क टोल विकास संस्थाले लिन पाउनेछ । तर यस प्रकारको रकमको छुट्टाछुट्टै रेकर्ड राखी टोल विकास संस्थाको सञ्चालनमा प्रयोग गर्न पाइने छैन ।

(भ) टोल विकास संस्थाले संस्था सञ्चालनका लागि गाउपालिकाबाट स्वीकृत नमुना विधानको परिधिधित्र रही संस्थाको विधान बनाइ गाउँपालिकामास्वीकृत गर्नुपर्नेछ साथै विधानको परिधिधित्र रही बचत तथा ऋण परिचालन, कर्मचारी व्यवस्थापन लगायतका विभिन्न नियमहरू बनाउन सक्नेछ ।

(म) टोल विकास संस्थाले आफ्ना सदस्यहरूबाट साधारणसभाले तोके बमोजिमको मासिक बचत अनिवार्य सङ्कलन गर्नुपर्नेछ ।

## परिच्छेद-५

## टोल विकास संस्थाको सीमाङ्कन र एकीकरण

१२. टोल विकास संस्थाको सीमाना बुँदा ३ (ड) बमोजिम हुनु पर्नेछ । यसको सीमाना हेरफेर गर्न मनासिव देखिएमा संस्थाको साधारणसभावाट निर्णय गरी समुदाय परिचालकको राय र सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउपालिकावोर्डबाट गर्न सकिनेछ ।

१३. दुई वा सो भन्दा बढी टोल विकास संस्थाहरू समायोजन भइ एउटै टोल विकास संस्था गठन गर्नुपर्नेछ । आवश्यक देखिएमा उक्त संस्थाहरूको साधारणसभाबाट आवश्यक निर्णय गरी समुदाय परिचालकको राय र सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउपालिका सभा बाट गर्न सकिनेछ ।

१४. कुनै पनि टोल विकास संस्थाको निर्धारित क्षेत्र ठूलो भइ टोल विकास संस्था व्यवस्थित रूपले परिचालन गर्न बाधा पुगेको अवस्थामा उक्त संस्थालाई दुई वटा संस्थाहरूमा विभाजित गर्न सकिनेछ । त्यस्तो विभाजन गर्दा संस्थाको साधारण सभाबाट आवश्यक निर्णय गरी समुदाय परिचालकको आवश्यक राय र सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउपालिकाबोर्डबाट गर्न सकिनेछ ।

## परिच्छेद-६

## कोष सञ्चालन सम्बन्धी व्यवस्था

१५. टोल विकास संस्थाहरूले निम्न बमोजिमका वही खाता राख्नु पर्नेछ ।

(क) बैठक निर्णय पुस्तिका
(ख) पासबुक
(ग) गोश्वारा भौचर
(घ) व्यक्तिगत बचत खाता
(ङ) ऋृण निवेदन फाराम
(च) नगदी रसिद
(छ) मुख्य खाता
(ज) सन्तुलन परीक्षण खाता
(झ) योजना किताब
(ञ) जिन्सी खाता

(ट) व्यक्तिगत खाता

१६. संस्थाको आर्थिक कारोबार दोहोरो लेखाप्रणालीको सिद्धान्त बमोजिम राख्नु पर्नेछ ।

१७. टोल विकास संस्थाको कारोवार सात लाख भन्दा वढी हुने र सबै टोल विकास संस्थाले दर्तावाल लेखापरीक्षकवाट वार्षिक रूपमा लेखापरीक्षण गर्नु पर्नेछ  भने सो भन्दा कम कारोबार भएका टोल विकास संस्थाको हकमा साधारण सभाबाट गठित ३ सदस्यीय लेखा समितिबाट लेखापरीक्षण गराइ गाउपालिकावाट तोकिएको सामाजिक परिचालकहरूबाट समेत प्रमाणित गराइ साधारण सभामा पेश गर्नुपर्नेछ ।

१८. टोल विकास संस्थाको खाता सञ्चालन संस्थाका अध्यक्ष, कोषाध्यक्ष र सचिव वा छुट्टै कर्मचारी तोकिएको भए तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी गाउँपालिकाको सिफारिसमा स्थानीय बैंकहरूमा संस्थाको नाममा खाता खोल्नु पर्नेछ ।

## परिच्छेद-७

## निर्वाचन सम्बन्धी व्यवस्था

१९. यस निर्देशिकाको भावना र संस्थाको विधानको अधिनमा रही टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष लगायत विषयगत समितिका संयोजकहरू र सदस्यहरूको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्नुपर्नेछ जसमा संस्थाले तोकेको निर्वाचनमा भाग नलिने व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरूमध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन गर्नुपर्नेछ । जसले संस्थाको नियमअनुसार निर्वाचन प्रक्रिया अपनाइ निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

## परिच्छेद-८

## व्यवस्थापन

२०. टोल विकास संस्थाको व्यवस्थापन संस्थाका पदाधिकारीले नै गर्नु पर्नेछ । संस्था सक्षम भएको अवस्थामा संस्थाको हिसाब किताब पारदर्शी एवम् प्रभावकारी रूपमा अघि बढाउनको लागि कर्मचारीको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण अन्य सुविधाहरू निर्धारण गर्दा संस्थाको प्रशासनिक नियमावली बनाइ साधारणसभाबाट अनुमोदन गराइ लागु गर्नुपर्नेछ ।

२१. टोल  विकास संस्थाको बचत व्यवस्थापनका लागि टोल विकास संस्थाले एकल वा अन्य टोल संस्थाहरूसँग मिलेर सहकारी स्थापना गर्न सक्नेछन् ।

## परिच्छेद-९

## विविध

**२२. सम्पति तथा दायित्व :**

प्रचलित नियम कानुनमा व्यवस्था भए अनुसार टोल विकास संस्थाको आफनो नाममा रहेको सम्पत्ति व्यक्ति सरह भोगचलन गर्न मात्र पाउनेछ । संस्था विघटन भएमा व्यक्तिगत बचत बाहेकको सम्पत्ति स्वतः गाउँपालिकाको स्वामित्वमा आउनेछ । टोल संस्था विघटन भएको अवस्थामा गाउपालिकाले टोल विकास संस्थाको सम्पत्ति छानविन गर्न गा.पा वडा सचिव वा सामाजिक विकास कोषको लेखा प्रमुखको संयोजकत्वमा, सामाजिक परिचालक र टोल संस्थाको १ जना पदाधिकारी रहेको विशेष छानविन समिति गठन गरी सम्पत्तिको मूल्याङ्कन गर्नेछ ।

**२३. अविश्वासको प्रस्ताव**

संस्थाका सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यहरूले लिखित रूपमा स्पष्टीकरणसहितको निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याएको मान्नुपर्नेछ ।
जुन पदाधिकाारीप्रति अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिले साधारण सभासामु आफ्नो स्पष्टीकरण पेश गर्न पाउनु पर्नेछ ।

२४. यस निर्देशिकामा प्रष्ट नभएका कार्यहरू सञ्चालन गर्न पूर्व सम्बन्धित निकायको अनुमति तथा स्वीकृती लिनुपर्ने भएमा स्वीकृती लिएर मात्र सञ्चालन गर्नु पर्नेछ । स्वीकृती लिनुपर्नेमा नलिइ कुनै कार्य गरेमा टोल विकास संस्थाका पदाधिकारीहरू पूर्ण जवाफदेही हुनुपर्नेछ ।

२५. यो निर्देशिकाको व्याख्या गर्ने अधिकार गांउपरिषद्मा निहित हुनेछ ।

बचाउ :

(क) यस निर्देशिकामा लेखे जतिको हकमा यसै बमोजिम लागू हुनेछ ।

(ख) स्थानीय स्थानीय सरकार संचालन ऐन २०७५ मा उल्लेख भए जति सोही बमोजिम हुनेछ ।

(ग) माथि क र ख मा उल्लेख भए बमोजिम बाहेक अन्यको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।